# आकाशवाणी समाचार- नेपाली

मितिः २२ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले संसदको शीतकालीन अधिवेशनमा पारित **सतत परमाणु ऊर्जा उपयोग र विकास, भारत रूपांतरण विधेयक, 2025 - शांति** विधेयक, विधेयकलाई आफ्नो स्वीकृति दिनुभएको छ।

- असमको डिब्रुगढ जिल्लाको नामरूपमा हिज अमोनिया-यूरिया उर्वरक परियोजनाको शिलान्यास गर्नुहुदै प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले किसानहरूको हितलाई सर्वोपरि राखेर काम गर्ने बताउनु भएको छ ।

- राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक डॉ. मोहन भागवतले संघले समाजलाई विभाजन गर्ने होइन, एकताबद्ध गर्ने काम गर्ने बताउनु भएको छ ।

- खरसाङको पंखाबारी रोडमा हिज राति सवारी दुर्घटना भएको छ।

- मौसम विभागले दक्षिण बंगालका केहि भागहरुमा कुहिरोको चेतावनी जारी गरेको छ ।

**राष्ट्रपति - शान्ति विधेयक**

राष्ट्रपति द्रौपदी मुर्मुले संसदको शीतकालीन अधिवेशनमा पारित **सतत परमाणु ऊर्जा उपयोग र विकास, भारत रूपांतरण विधेयक, 2025 - शांति** विधेयक, २०२५ - शान्ति विधेयकलाई आफ्नो स्वीकृति दिनुभएको छ। राष्ट्रपतिले हिजो यो विधेयकलाई अनुमोदन गर्नुभयो।

यो विधेयकले नागरिक परमाणु क्षेत्रसँग सम्बन्धित सबै कानूनहरूलाई एकीकृत गर्दछ र यस क्षेत्रमा निजी क्षेत्रको सहभागिताको व्यवस्था गर्दछ। विधेयकले परमाणु ऊर्जा ऐन, 1962 र नागरिक परमाणु क्षति दायित्व अधिनियम, 2 ऐन, २०१० लाई खारेज गर्दछ, जुन भारतमा नागरिक परमाणु क्षेत्रको विकासमा बाधा मानिन्थ्यो।

**प्रधानमंत्री-असम**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, विकसित भारत निर्माणमा देशका किसान र किसानहरूको महत्त्वपूर्ण भूमिका छ र सरकारले किसानहरूको हितलाई सर्वोपरि राखेर काम गरिरहेको छ। उहाँले किसानमैत्री योजनाहरू सबै किसानहरूलाई विस्तार गरिएको बताउनु भयो । असमको डिब्रुगढ जिल्लाको नामरूपमा हिज अमोनिया-यूरिया उर्वरक परियोजनाको शिलान्यास गर्नुहुदै प्रधानमन्त्री मोदीले यो कुरा भन्नुभयो। यस प्लान्टको वार्षिक युरिया उत्पादन क्षमता १२.७ लाख मेट्रिक टन हुनेछ र यो परियोजना २०३० मा सञ्चालनमा आउने अपेक्षा गरिएको छ।उर्वरकहरुको निरन्तर आपूर्ति सुनिश्चित गर्ने महत्त्वमा जोड दिनुहुदै प्रधानमन्त्रीले नयाँ युरिया प्लान्टले चाँडै देशका किसानहरूलाई उर्वरकको आपूर्ति सुनिश्चित गर्ने बताउनु भयो । स्थानीय उत्पादनले आपूर्तिलाई गति दिनुका साथै हजारौँ नयाँ रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्ने उहाँले बताउनु भयो।

**डॉ. मोहन भागवत**

राष्ट्रीय स्वयंसेवक संघको कोलकाता व्याख्यानमाला '100 वर्षको संघ यात्रा – नयाँ क्षितिज' को अवधि सरसंघचालक डॉ. मोहन भागवतलाई समाजका विशिष्ट वर्गहरुबाट आमंत्रित अतिथिहरुको तर्फबाट सोधिएको प्रश्नको उत्तर दिनु हुदै उहाँले संघको वैचारिक दिशा, सामाजिक दृष्टि र भविष्यको प्राथमिकताहरुलाई प्रस्तुत गर्नुभयो । युवाहरुको भूमिका, संस्कृति, शिक्षा,

स्वास्थ्य, कूटनीति, सुरक्षा, हिंदुत्व र सामाजिक समरसता जस्ता विषयहरुमाथि गरिएको प्रश्नहरुको उत्तरमा संघको आधारभूत सोच स्पष्ट झल्किन्थ्यो।

*युवाहरुसँग सम्बन्धित प्रश्नको जवाफमा सरसंघचालकले आजको पुस्ता सामाजिक सञ्जाल, लागुऔषध र विचलनको चपेटामा परेको र त्यसका कारण अपराध र सामाजिक विखण्डन बढ्दै गएको बताउनु भयो । उहाँले भन्नुभयो , 'जब युवाहरूले आफ्नो जीवनलाई व्यक्तिगत लाभमा मात्र सीमित गर्दैनन्, तर समाज र देशप्रतिको आफ्नो दायित्वलाई बुझ्छन्, तब मात्र उनीहरू सशक्त नागरिक बन्छन्। उहाँले देशमा सार्थक अवसर र सम्मानजनक कार्य संस्कृति सिर्जना गर्न सके प्रतिभा स्वतः देशसँग जोडिने बताउनु भयो ।*

*हिन्दुत्वबारे सोधिएको प्रश्नको जवाफमा उहाँले हिन्दुत्व संकीर्ण धार्मिक पहिचान नभएर जीवन पद्धति भएको बताउनु भयो । उहाँले भन्नु भयो कि भारतको नैतिक, सामाजिक र बौद्धिक चेतनाको आधार हिन्दू लोकाचार हो। विविधतालाई स्वीकार गर्नु र सबैलाई साथ लिएर जानु नै यसको विशेषता हो। युवालाई उपदेश दिएर होइन, आचरण र उदाहरणबाट हिन्दुत्वसँग जोड्न सकिन्छ भनि उहाँले बताउनु भयो।*

*शिक्षा र संस्कृत भाषाको प्रश्नमा सरसंघचालकले भारतीय ज्ञान परम्परालाई आधुनिक शिक्षासँग जोड्नु समयको आवश्यकता भएको बताउनु भयो। पाठ्यक्रम विज्ञान र अध्यात्मलाई अलग–अलग नभई एक अर्काको पूरक मानेर निर्माण गर्नुपर्छ। यसले आत्मविश्वासी र मूल्यमा आधारित पुस्ता सिर्जना गर्नेछ भनि श्री भागवतले बताउनु भयो। आर्टिफिसियल इन्टेलिजेन्स, प्रविधि र उद्यमशीलताका विषयमा उहाँले भविष्यको तयारी सीपमा मात्र सीमित नहुने बताउनु भयो। नैतिक मूल्य, कर्तव्यबोध र सामाजिक संवेदनशीलताबिना प्राविधिक प्रगति अधुरो छ। युवाले प्रविधिसँगै संस्कार सिक्नुपर्छ भन्ने संघको भिजन रहेको बताउनु भयो ।स्वास्थ्य र चिकित्सा शिक्षाका विषयमा डा. भागवतले उपचार सुलभ र मानवीय हुनुपर्ने बताउनु भयो । सेवाभावबिना चिकित्सा पेशा मात्र बन्छ। उहाँले सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा राष्ट्रिय आवश्यकता भएको बताउनु भयो ।*

*बंगलादेशको विषयमा उहाँले भन्नु भयो, 'सीमाको विषयमा गम्भीरता आवश्यक छ ।बङ्गलादेश, अवैध घुसपैठ र बङ्गालको संवेदनशील अवस्थाबारे उहाँले भन्नुभयो, सीमा सुरक्षा, जनसांख्यिक सन्तुलन र सामाजिक सद्भावलाई गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ। यसको समाधान राजनीतिबाट मात्र होइन, सामाजिक जागरणबाट पनि निस्कन्छ। बंगलादेशका हिन्दूहरुको दुर्दशा कहिले अन्त्य हुन्छ, यसको समाधान भनेको त्यहाँका सबै हिन्दूहरुलाई एकताबद्ध राख्नु हो। भारत र विश्वका देशहरूले बङ्गलादेशका हिन्दूहरूको रक्षाका लागि सम्मानपूर्वक जीवन बिताउन सक्दो प्रयास गर्नुपर्छ भनि बताउनु भयो ।अन्त्यमा सरसंघचालकले संघले समाजलाई विभाजन गर्ने होइन, एकताबद्ध गर्ने काम गर्ने बताउनु भयो । १०० वर्षको यात्रापछि संघको लक्ष्य भनेको अधिक समर्पित, सुसंस्कृत र देशभक्त समाजको निर्माण गर्नु हो, जसमा विचार फरक हुन सक्छ, तर मन र उद्देश्य एउटै हुन् ।*

**एनएच 110 मजदुर तथा कामदार संघ गठन :**

खरसाङको गिद्ध पहाड सामुदायिक भवनमा एनएचआईडीसीएल अन्तर्गत एनएच 110 मा भइरहेको तथा हुने निर्माण कार्यमा स्थानीय मजदुर, कामदार, चालक, सुपरभाइजर लगायत सबै श्रमिकहरूको अनिवार्य सहभागिताबारे विस्तृत छलफलसहित बैठक सम्पन्न भएको छ। बैठकमा एनएच 110 क्षेत्रका श्रमिक तथा कामदारहरूको रोजगारी र जीविकोपार्जनको वर्तमान अवस्थाबारे गम्भीर चिन्ता व्यक्त गर्दै स्थानीय श्रमशक्तिलाई प्राथमिकता दिनु अत्यावश्यक रहेकोमा जोड दिइएको थियो । यसअघि एनएचआईडीसीएलका कार्यकारी निर्देशकसँग भेटघाट गरी एनएच 110 मा निर्भर हजारौं कुशल तथा अकुशल श्रमिक, मालवाहक चालक आदिको अवस्थाबारे पुनः स्मरण गराइएको जानकारी पनि बैठकमा राखिएको थियो। बैठकको क्रममा बैठकमा "एनएच 110 मजदुर तथा कामदार संघ" गठन गरियो। उक्त संघको मुख्य संयोजक सन्तकिशोर गुरुङ चयन भएका छन् भने कानुनी सल्लाहकारका रूपमा अधिवक्ता बन्दना राई नियुक्त भएका छन्। संघका मुख्य संयोजक शन्तकिशोर गुरुङले एनएच 110 मा निर्भर सम्पूर्ण मजदुर, कामदार, चालक तथा सम्बन्धित सबैलाई संघमा आबद्ध भई एकताबद्ध रूपमा आफ्ना हक–अधिकार र रोजगारीको सुरक्षाका लागि अघि बढ्न अपील गरेका छन्। संघले आगामी

दिनमा सम्बन्धित निकायसँग समन्वय गर्दै स्थानीय श्रमिकको सहभागिता सुनिश्चित गराउने दिशामा सशक्त पहल गर्ने निर्णयसमेत गरेको छ।

**गाडी दुर्घटनाग्रस्त (खरसाङ)**

खरसाङको पंखाबारी रोडमा सवारी दुर्घटना भएको छ। मोटर स्ट्याण्डदेखि मुनिपट्टि रहेको पंखाबारी रोडमा गाडी दुर्घटनाग्रस्त भएर सब्जी दोकानभित्र पसेको छ। गाडी सब्जी दोकानभित्र पसेपछि केही क्षण हरकम मच्चिएको थियो। गाडी अनियन्त्रित भएर सब्जी दोकान तथा किराना पसलभित्र पसेको छ। उक्त दुर्घटनामा पसलमा क्षति पुगेको बताइएको छ। उक्त घटना हिज राति 8 देखि 8.30 बजीको समयमा भएको बताइएको छ। उक्त घटनापछि पुलिस प्रशासन घटनास्थलमा उपस्थित रहेका थिए।

**राष्ट्रिय गणित दिवस**

आज राष्ट्रिय गणित दिवस हो। यो दिन भारतका सबैभन्दा प्रभावशाली र विश्वव्यापी रूपमा मान्यता प्राप्त गणितज्ञ श्रीनिवास रामानुजनको जन्मजयन्तीको सम्झनामा मनाइन्छ। यस अवसरलाई मनाउन देशभरका शैक्षिक संस्थाहरू, अनुसन्धान निकायहरू र शैक्षिक मञ्चहरूले वैज्ञानिक प्रगति र दैनिक जीवनमा गणितको महत्त्वलाई उजागर गर्नेछन्। भारत सरकारले डिसेम्बर २०११ मा औपचारिक रूपमा यो दिन सुरु गऱ्यो र गणितमा रामानुजनको असाधारण योगदानलाई मान्यता दिँदै 22 डिसेम्बरलाई राष्ट्रिय गणित दिवसको रूपमा तोकेको थियो।

**कोलाबाड़ी चिया बगानमा चितुवाको आतङ्क,**

जलपाइगढी, नगरकाटाको कोलाबाड़ी चिया बगानमा चितुवाको लगातार बढ्दो आतङ्कपछि वन विभाग सक्रिय बनेको छ। हिज आइतवार दिउँसो वन्यजीव शाखाको गोरुमारा र जलपाइगढी डिभिजनका दुई डीएफओ द्विजप्रतिम सेन र विकास वीले क्षेत्रको निरीक्षण गरे। बस्तीहरूमा सुरक्षा बहाल गर्न ड्रोन निगरानीका साथै बॉसको बार लगाउने योजना बनाइएको छ। उल्लेख्य छ , 17 दिसम्बर सॉझ बगानको बॉध लाइन क्षेत्रमा एउटा घरको आंगनबाट पॉच वर्षीय नानीलाई चितुवाले उठाएर लैजाने प्रयास गरेको थियो। आइतवार डीएफओहरूले घटनास्थलको भ्रमण गरि पीड़ित परिवार र स्थानीय मानिसहरूसॅग कुराकानी गरेर उनीहरूलाई आश्वस्त गरेका छन् ।

चितुवाको बस्तीहरूमा प्रवेश रोक्नका लागि श्रमिक बस्तीहरूमा बॉसको बारले लगाउने प्रस्ताव दिइएको छ। बिन्नागुडी रेन्जका रेन्जर हिमाद्री देवनाथले भने, बॉसको बार निर्माणको लागि अवश्यक श्रमिकहरू ज्याला वन विभाग स्वयंले वहन गर्नेछ। यस अघि हुलाश लाइनमा 200 मिटरभन्दा धेरै नायलन फेन्सिङ गरिएको छ।

**मौसम**

मौसम विभागले अघिल्लो केहि दिनहरुसम्म तापमान कुनै ठुलो परिवर्तन नहुने संभावना व्यक्त गरेको छ । दक्षिण बंगालका केहि जिल्लाहरुमा रातको तापमानमा केहि गिरावट आउनेछ । मौसम सूस्ख रहनेछ । बर्षाको कुनै संभावना छैन । तापमानमा केहि गिरावटका कारण मौसम विभागले दक्षिण बंगालका केहि भागहरुमा कुहिरोको चेतावनी जारी गरेको छ ।आगामी केहि दिनहरुमा पश्चिमी जिल्लामा तापमान 12 देखि 15 डिग्री सेल्सियसको बीच रहनेछ । तटीय जिल्लामा न्यूनतम तापमान 15 देखि 18 डिग्री सेल्सियस रहनेछ । दार्जिलिंग र छेउछाउको पहाड़ी क्षेत्रहरुमा न्यूनतम तापमान 6 देखि 8 डिग्री सेल्सियस बीच रहनेछ ।

****** ० ******